# नेपाल राजपत्र

नेपाल सरकारद्वारा प्रकाशित

खण्ड ७२) काठमाडौं, कार्तिक ६ गते, २०७९ साल (अतिरिक्ताङ्क ४६

## भाग ५

## निर्वाचन आयोगको

### सूचना

संवत् २०७९ मङ्सिर ०४ गते हुने प्रतिनिधि सभा सदस्य निर्वाचन अन्तर्गत बारा जिल्लाको प्रतिनिधि सभा सदस्य निर्वाचन क्षेत्र नं. २ को लागि नेपालको लागि नेपाली पार्टीका उम्मेदवारको मृत्यु भएकोले निर्वाचन आयोगले प्रतिनिधि सभा सदस्य निर्वाचन ऐन, २०७४ को दफा ३२ को उपदफा (३) बमोजिम सो निर्वाचन क्षेत्रको लागि देहायको निर्वाचन कार्यक्रम निर्धारण गरेकोले यो सूचना प्रकाशन गरिएको छः-

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| क्र. स. | क्रियाकलाप | मिति | समय | | स्थान |
|---|---|---|---|---|---|
| | | | देखि | सम्म | |
| १ | उम्मेदवारको मनोनयनपत्र दर्ता गर्ने | २०७९/०७/१४ | १०.०० | १२.०० | निर्वाचन अधिकृतको कार्यालय |
| २ | मनोनयनपत्र दर्ता भएको उम्मेदवारको सूची प्रकाशन गर्ने | २०७९/०७/१४ | १२.०० | १३.०० | ऐ.ऐ. |
| ३ | उम्मेदवारको विरोधमा उजुरी दिने | २०७९/०७/१४ | १३.०० | १५.०० | ऐ.ऐ. |
| ४ | मनोनयनपत्र जाँच गर्ने र उजुरी उपर जाँचबुझ गरी निर्णय गर्ने | २०७९/०७/१४ – २०७९/०७/१५ | १५.०० (मिति २०७९/०७/१४) | १२.०० (मिति २०७९/०७/१५) | ऐ.ऐ. |
| ५ | उम्मेदवारको नामावली प्रकाशन गर्ने | २०७९/०७/१५ | १२.०० | १३.०० | ऐ.ऐ. |
| ६ | उम्मेदवारको नाम फिर्ता लिने | २०७९/०७/१५ | १३.०० | १४.०० | ऐ.ऐ. |
| ७ | उम्मेदवारको अन्तिम नामावली प्रकाशन गर्ने | २०७९/०७/१५ | १४.०० | १५.०० | ऐ.ऐ. |
| ८ | उम्मेदवारलाई निर्वाचन चिन्ह प्रदान गर्ने | २०७९/०७/१५ | १५.०० | १६.०० | ऐ.ऐ. |
| ९ | मतदान | २०७९।०८।०४ | ०७.०० | १७.०० | सम्बन्धित मतदान केन्द्र |

*द्रष्टव्यः* (१) *प्रतिनिधि सभा सदस्य निर्वाचन ऐन, २०७४ को दफा ३२ को उपदफा (५) बमोजिम जुन दलको उम्मेदवारको मृत्यु भएको हो त्यस्तो दलको तर्फबाट मात्र पुनः उम्मेदवारको मनोनयन गर्नु पर्नेछ ।*

(२) *प्रतिनिधि सभा र प्रदेश सभा सदस्यको समानुपातिक निर्वाचन प्रणाली तर्फको बन्दसूचीमा नाम समावेश भएको व्यक्ति उम्मेदवार हुन पाउने छैन ।*

(३) *प्रतिनिधि सभा निर्वाचनको पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीतर्फ अन्य निर्वाचन क्षेत्रमा मनोनय दर्ता गरिसकेको वा प्रदेश सभा निर्वाचनको सोही निर्वाचन प्रणाली तर्फ कुनै निर्वाचन क्षेत्रमा उम्मेदवारको मनोनयन दर्ता गरिसकेको व्यक्तिले यस कार्यक्रम बमोजिम उम्मेदवारको मनोनयन दर्ता गर्न पाउने छैन।*

(४) *सबै मतदान केन्द्रमा मतदान भएका सबै मतपेटिका मतदान अधिकृतबाट निर्वाचन अधिकृतको कार्यालयमा प्राप्त भए पश्चात मतगणना कार्य शुरू गरिनेछ ।*

**आज्ञाले,**
**गोकर्णमणि दुवाडी,**
**सचिव ।**



**मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित । मूल्य रू.५।-**
**गो.हु.द.नं. १६।२०६२।६३**

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।